


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

चाडपर्वको नाममा फजुल खर्च नगरौं।
चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ६ गते शनिबार ❑ 23 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री पोखरेलद्वारा एन्फा टेक्निकल सेन्टर निर्माणस्थल अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कास्कीको माछापुच्छ्रे गाउँपालिका ६ मा प्रस्ताव गरिएको एन्फा टेक्निकल सेन्टर निर्माणस्थलको शुक्रबार अवलोकन गरेका छन्।

कास्की मात्रै होइन गण्डकीकै र नेपालकै लागि गौरव हुने गरी पोखरा नजिकै अखिल नेपाल फुटबल संघले एन्फा टेक्निकल सेन्टरको अवधारणा अघि सारेको हो। फिफाको लगानीमा बन्ने उक्त सेन्टरको प्रारम्भिक पूर्वाधारका लागि गण्डकी प्रदेश सरकारले पनि लगानी गर्ने प्रतिबद्धता मुख्यमन्त्री पोखरेलले जनाएका छन्। उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेश समृद्धिको मुल आधार पर्यटन भएको र पर्यटन भित्र खेलकुदका गतिविधिलाई समेट्न सकिने भनाइ राखे। पोखराबाट नजिकै अनि हिमालको काखमा प्रस्ताव गरिएको टेक्निकल सेन्टर निर्माण भएमा पोखरा, गण्डकी मात्र होइन नेपालकै लागि गौरव गर्न लायक हुने विश्वास उनले व्यक्त गरे। फुटबल खेल अहिले हरेक परिवारको रुचीको विषयमा भएकाले पनि यसको प्रवर्द्धनका लागि लगानी गर्न मन सानो गर्न नपर्ने उनको भनाइ थियो। उनले भने, 'यो सेन्टरले पोखरा र माछापुच्छ्रेलाई विश्वसामु



चिनाउने छ।' मर्दी र इदी खोलाको बीचमा रहेको खुला ठाउँमा सेन्टर प्रस्ताव गरिएको प्रदेशको क्षमता अनुसार तटबन्धका लागि सरकारले सहयोग गर्ने प्रतिबद्धता उनले जनाए। उक्त अवसरमा एन्फाका प्रमुख कार्यकारी अधिकृत गोकुल थापाले ३ सय ४२ रोपनी जग्गा २० वर्षका लागि भोगचलन गर्नेगरी सम्झौता भइसकेकोको जानकारी गराए। डिपिआर तयार भइसकेर वातावरणीय प्रभाव मूल्यांकनको काम सकेर मन्त्रालयमा बुझाइसकेको भन्दै अब छिटै शिलान्यासको बताए। उनका अनुसार अभ्यासका लागि ४ खेल मैदानसहित होस्टेल, जिम हल, गेस्ट रुम, स्विमिङ पुल, पुस्तकालय रहने गरी संरचना बनाउने प्रस्ताव पारित भएको छ।

'ड्रिम प्रोजेक्ट' को रुपमा निर्माण गर्ने भनिएको टेक्निङ सेन्टरमा राष्ट्रिय फुटबल टिम, रेफ्री, प्रशिक्षक तथा विभिन्न उमेर समूहको अभ्यास तथा ट्रेनिङहरु सञ्चालन गर्ने लक्ष्य राखिएको छ। ८० जना बालबालिकालाई अभ्यासका लागि पनि राख्ने योजना छ। अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न मिल्ने गरेर सेन्टरलाई ४ चरणमा सक्ने तयारी छ। फिफाले एन्फाका लागि पठाएको २० लाख डलरबाट उक्त सेन्टर बनाउने योजना एन्फाको छ। पहिलो चरणका कामका लागि १७ करोड रुपैयाँ प्रयोग गरिने प्रमुख कार्यकारी अधिकृत थापाले बताए। प्रस्तावित ठाउँ इदी र मर्दी खोलाको दोभानमा छ। हिउँदमा सानो हुने तर बर्खामा उर्लेर आउने मर्दी खोलाले कटान गर्ने भएकाले तटबन्धको काम भने पहिले नै गर्नुपर्ने हुन्छ। यसमा फिफाले लगानी गर्दैन। तटबन्धका लागि गाउँपालिका र निर्वाचन क्षेत्र विकास कार्यक्रमको ५०/५० लाख रुपैयाँ गरी १ करोड रुपैयाँमा काम भइसकेको पालिका अध्यक्ष कर्णबहादुर गुरुङले जानकारी गराए। उनका अनुसार तटबन्धका लागि साढे ४ करोड रुपैयाँ आवश्यक पर्छ।

कार्यक्रममा गण्डकी प्रदेश खेलकुद परिषद अध्यक्ष तेजबहादुर गुरुङले नेपालकै लागि गौरवको यो योजना सफल पार्न सबै पक्ष एकजुट भएर अगाडि बढ्नुपर्ने बताए। लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र शेरचनले विभिन्न अड्चन बेहोर्दै परियोजना अहिलेको अवस्थामा आइपुगेको भन्दै अब छिटोभन्दा छिटो शिलान्यास गरेर काम थाल्नुपर्नेमा जोड दिए।

एन्फा कास्की अध्यक्ष मिलन गुरुङले यो परियोजनालाई कमजोर बनाउन चारैतिरबाट आक्रमण भइहे पनि आफूहरु निरन्तर लागिरहेकाले यो अवस्थामा आइपुगेको भनाइ राखे। कार्यक्रममा एन्फा कास्की सचिव रमेश कार्की, माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष हरिश्चन्द्र ढुंगानाले परियोजनाको महत्वका बारेमा बोलेका थिए। स्थलगत अनुगमनमा नीतितथायोजनाआयोगकाउपाध्यक्षडा. रघुराज काफ्ले, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला, प्रमुख सचिव डा. दामोदर रेग्मी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव रामप्रसाद आचार्य, प्रदेश खेलकुद पषिदका पदाधिकारी, राजनीतिक दलका स्थानीय प्रतिनिधि सहभागी थिए।

## नेकपा (एस) को ७३ जिल्ला कमिटी गठन

रासस
काठमाडौँ, ५ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले ७३ जिल्ला कमिटी गठन गरेको छ।

पार्टीका प्रचार विभाग प्रमुख तथा उपमहासचिव जगन्नाथ खतिवडाले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा चारवटा गैरभौगोलिक जिल्ला कमिटीसमेत गठन गरिएको छ। पछिल्लो समय वर्षा, बाढी, पहिरोका कारण कमिटी गठन कार्य स्थगित गरिएको छ।

अहिले संघीय तथा प्रदेशस्तरका निर्वाचन क्षेत्रीय कमिटी, स्थानीय तहका विभिन्न पालिका, वडा तथा टोल कमिटी गठनको प्रक्रिया जारी छ भने विभिन्न जिल्ला र केन्द्रबीच समन्वय स्थापित गर्ने सम्पर्क मञ्चको गठनका क्रममा छन्।

देशबाहिर विभिन्न प्रवास कमिटीसमेत गठन भइरहेका छन्। पार्टी निर्माणका पक्षमा देशभरका हजारौं युवा, विद्यार्थी कार्यकर्ताको स्वःस्फूर्त सहभागिता रहेको विज्ञप्तिमा जनाइएको छ।

पार्टीको आधिकारिक प्रकाशनतर्फ केन्द्रीय मुखपत्रका रूपमा 'समाजवाद' र गतिविधिमूलक प्रकाशन (बुलेटिन) का रूपमा 'कलम' को प्रकाशन तयारी भइरहेको छ। त्यसमध्ये 'कलम' को प्रकाशन एक साताभित्र सम्पन्न गर्ने गरी काम अगाडि बढेको जनाइएको छ। पार्टीको आधिकारिक वेबसाइट, विभिन्न सामाजिक सञ्जालमा पार्टीको उपस्थितिका निम्ति प्राविधिक कार्य अन्तिम चरणमा पुगेको उल्लेख गरिएको विज्ञप्तिमा पार्टीका पाँच सङ्घीय सांसदले मन्त्रिपरिषद्मा सहभागिता जनाउनुभएको भनिएको छ।

प्रदेश १ र बागमती प्रदेश सरकारको आगामी नेतृत्व पार्टीले गर्ने सहमति पाँच दलीय गठबन्धनको बैठकले गरिसकेको जनाइएको छ। गत भदौ ९ गते निर्वाचन आयोगबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको पार्टीले केन्द्रीय कमिटीलाई पूर्णता दिने काम सम्पन्न भएको छ। सम्पूर्ण प्रदेश तथा प्रदेशस्तरका कमिटीका इन्चार्ज, सहइन्चार्ज, अध्यक्ष, सचिवसहितका पदाधिकारी तोकिएका छन्। केन्द्रीय आयोग र निकायहरु गठन भइसकेका छन्। केन्द्रीय विभागका प्रमुख, उपप्रमुखहरु तोकिएका छन्। ती विभागहरुलाई पूर्णता दिनका निम्ति देशभरबाट विभागको कार्यक्षेत्र, प्रकृति र चरित्रअनुसारका छनोट गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। सबै जनसङ्गठन, पेशागत तथा सामुदायिक सङ्गठनहरुको विभिन्न तहका कमिटी गठन, पुनर्गठन तथा रूपान्तरणका काम जारी छन्। पार्टीको सम्पूर्ण जिल्ला कमिटी, जनसङ्गठनसहित विविध पेशागत तथा सामुदायिक सङ्गठनका इन्चार्ज तथा सहइन्चार्ज तोक्ने काम सम्पन्न भएको जनाइएको छ।

## पर्यटनको प्रचार गर्न मनाङको साइक्लिङमा

रासस
मनाङ, ५ कार्तिक

लामो समय कोभिड- १९ को सङ्क्रमण न्यूनीकरणपश्चात् पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखराको 'नेचर लभर साइक्लिङ ग्रुप लेकसाइड' पोखराका सदस्यहरू मनाङको भ्रमणमा आएका छन्।

उक्त समूहका सदस्यले बेमौसमी वर्षाका बाबजुद पनि बिहीबारदेखि यात्रा थालेका हुन्। अन्नपूर्ण पदमार्गको प्रवर्द्धनका साथै भ्रमण गरी पर्यटकलाई यात्राका बारेमा जानकारी दिने र आवश्यक प्रचारप्रसार गर्ने उद्देश्यले यात्रामा निस्किएको समूहका संयोजक सुरेन्द्र पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा अग्लो स्थान (४९१९ मिटर)मा रहेको तिलिचो तालसम्म साइकलका माध्यमबाट नै पुग्ने योजना रहेको छ। उनीहरूले १३ दिने प्याकेज बनाएर तिलिचो ताल र अन्नपूर्ण पदमार्गको भ्रमणमा निस्किएका हुन्। पहिलो दिनमा पोखराबाट यात्रा सुरुआत गरी लमजुङको बेंसीशहर हुँदै स्यागेमा पुगेर रात बसेको र दोस्रो दिन स्यागेबाट धारापानीसम्मको यात्रा भइरहेको पौडेलले बताउनुभयो।

उक्त समूह शुक्रबार हिमाली जिल्ला मनाङको धारापानीमा पुगेर बस्ने उहाँले बताउनुभयो। "बेमौसमी वर्षाले मनाङका सडकमा धेरै समस्या रहेको छ। पर्यटन आउने मौसममा नै सडकको समस्याले धेरै असर गरेको छ। जिल्लामा भित्रिने पाहुनालाई सहज बनाउनका लागि जिल्लावासी र सम्बन्धित निकाय सजग हुनुपर्ने देखिएको छ", संयोजक पौडेलले भन्नुभयो, "पदमार्गसँगै सडकमा पैदलयात्रा गर्नसमेत समस्या भएको पायौं, सायद मौसममा सुधार भएमा सहज हुनेछ भन्ने अपेक्षा छ।"

पोखराका १२ साइकलयात्री साइकल यात्रामा निस्किएका हुन्। उनीहरू शनिबार धारापानीबाट मनाङको सदरमुकाम चामे आइपुग्नेछन्। आइतबार चामेबाट मनाङ गाउँ पुग्ने तालिका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बाढी पहिरोमा परी मृत्यु हुने १११ पुगे, ३७ वेपत्ता

रासस
काठमाडौँ, ५ कार्तिक

केही दिन अघिको अविरल वर्षाका कारण आएको बाढीपहिरो र डुबानमा शुक्रबारसम्म १११ जनाको मृत्यु भएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार ३७ जना अझै वेपत्ता छन्। बाढीपहिरोमा परी प्रदेश १ मा ६५, बागमती प्रदेशमा १, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा ४, कर्णाली प्रदेशमा ७ र सुदूरपश्चिम प्रदेशमा ३२ जनाको मृत्यु भएको हो।

मुलुकभर गरेर कुल ४२ जना घाइते भएको प्रहरीले जनाएको छ। बाढी पहिरामा परी प्रदेश १ मा ११, २ मा एक, लुम्बिनी र कर्णाली प्रदेशमा एक/एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी ३७ जना वेपत्ता भएका जनाइएको छ। वेपत्ताको खोजीकार्य जारी छ। बाढीको कारण दुई हजार २३२ वटा घर डुबानमा परेका तथा ७८ घर, १६ गोठ, छ वटा पुल, एक विद्यालय र तीन सरकारी कार्यालयमा क्षति पुगेको छ। कुल १८६ वटा पशु चौपाय मरेको जनाइएको छ।

उक्त अवधिमा एक हजार १८८ घर परिवार विस्थापित भएका छन्। बाढीपहिरोको जोखिममारहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा राख्ने, मानिसको उद्दार तथा पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम जारी रहेको प्रहरीले जनाएको छ।

## पोखरामा नाटक निर्देशन कार्यशाला सुरु

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

पोखरामा गण्डकी प्रदेश स्तरिय नाटक निर्देशन कार्यशाला शुक्रबारबाट सुरु भएको छ। कार्यशालाको गण्डकी प्रदेशका शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले एक औपचारिका कार्यक्रमकाबिच उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्दै उहाँले नाटक निर्देशन कार्यशालाले प्रदेशको नाट्य क्षेत्रलाई थप क्रियाशिल बनाउन सघाउने विश्वास व्यक्त गर्नुभयो। नाटकमा पस्कने सामाग्री जस्ताको तस्तै दर्शकमाझ पुग्ने भएकोले यसरी पस्कने सामाग्रीमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। गण्डकी प्रदेशको नाट्य क्षेत्रको विकासमा सदैव साथ रहने उहाँको प्रतिबद्धता थियो। नेपाल संगीत तथा नाट्य




एकेडेमीका पूर्व सदस्य सचिव समेत रहनुभएका संस्कृतीकर्मी तिर्थ श्रेष्ठले गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापनासँगै प्रदेशको साहित्य तथा कलाको क्षेत्रमा केही सकारात्मक संकेत देखिएको भन्दै खुशी व्यक्त गर्नुभयो।

कोरोनाका कारण थला परेको नाट्यक्षेत्रलाई चलायमान बनाउन कार्यशालाले सघाउने उहाँको विश्वास छ। नेपालको नाट्य क्षेत्रमा पोखराको बेग्लै छाप रहेको उहाँको भनाइ थियो।

गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा समाजशास्त्री डा. विश्वकल्याण पराजुली, पोखरा थिएटरका अध्यक्ष परिवर्तन, गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, प्राज्ञ सदस्य सुरेन्द्र गुरुङले बोल्नुभएको थियो। गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा सुरु भएको यो कार्यशालामा गण्डकी प्रदेशका ११ जिल्ला मध्य मनाङ र मुस्ताङ बाहेक ९ जिल्लाबाट २२ जनाको सहभागिता रहेको छ। मनाङ र मुस्ताङबाट भने सहभागीता नभएको आयोजकको भनाई छ।

कार्यशालाले गण्डकी प्रदेशमा नाटक प्रतिको आर्कषण बढाउन सहयोग पुग्ने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार क्षेष्ठले बताउनुभयो। यो वर्ष नाटकसँग सम्बन्धित तीनवटा कार्यक्रम प्रतिष्ठानले आयोजना गर्ने श्रेष्ठले जनाउनुभयो। कार्यक्रममा १५ जना प्रशिक्षकले प्रशिक्षार्थीलाई प्रशिक्षण गराउने पोखरा थिएटरकाअध्यक्षपरिवर्तनलेजानकारी दिनुभयो। कार्यशाला कार्तिक १५ गतेसम्म चल्नेछ। पोखरा थिएटरसँगको सहकार्यमा आयोजित कार्यशाला पोखरा थिएटरको गन्धर्व नाटकघरमा सञ्चालन भएको छ।



# सडक विस्तारः तनहुँ खण्डमा सात हजार रुख काटिने

–कृष्ण न्यौपाने
दमौली, ५ कार्तिक (रासस)

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिङ-पोखरा सडकखण्ड विस्तारका क्रममा तनहुँमा करिब सात हजार रुख काटिने भएको छ।

मुग्लिङ-पोखरा सडकखण्ड चार लेन विस्तारका क्रममा तनहुँ खण्डका ६ हजार सात सय ५० रुख काटिने भएको हो। तनहुँ खण्डमा रुख काट्नलाई वन विभागबाट स्वीकृति पाएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार सडक आयोजनाले रुख काटेर वन कार्यालयलाई बुझाउनुपर्ने हुन्छ। कास्की खण्डमा भने एक हजार दुई सय पचास रुख कटानका लागि विभागबाट स्वीकृति लिने प्रक्रियामा छ। चार लेनको मुग्लिङ-पोखरा ८० किलोमिटर सडक विस्तारमध्ये हालसम्म तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादी क्षेत्रको आठ किलोमिटर दूरीमा सडक आसपासको बिजुलीको पोल सार्ने काम सकिएको छ।

विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। ८० किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ। आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। जामुने-पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुइ काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ।

हाल आँबुखैरेनी-जामुने पूर्वी खण्डको काम सुरु भएको छ। जामुने-पोखरा पश्चिम खण्डमा भने काम सुरु हुने चरणमा छ। निर्माण कम्पनी फिल्डमा आएर काम थालेको मुग्लिन पोखरा सडक योजना (आँबुखैरेनी-जामुने) पूर्वी खण्डका योजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो। सर्भे डिजाइन सकाएर फाइनल गर्ने चरणमा रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा यो खण्डको ठेक्का सम्झौता भएको छ।

मुग्लिन पोखरा सडक योजना पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का पाएको यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सन कम्पनीका प्रतिनिधि भने कोरोनाको कारण भदौ दोस्रो साता मात्रै नेपाल आइपुगका छन्। भदौ १३ मा यनहुइका प्रतिनिधिले निर्माण प्रतिबद्धता जनाएको योजना प्रमुख प्रेमप्रकाश खत्रीले जानकारी दिनुभयो। भदौ २७ गते निर्माण कम्पनीलाई कार्यक्षेत्र हस्तान्तरण गरिएको छ। निर्माण कम्पनीका प्रतिनिधि आएपनि कामदार भने आइपुगेका छैनन्। नेपाल आएका प्रतिनिधिले अस्थायी कार्यालय खडा गरेका छन्। कार्यालय बनाउनलाई डिजाइन गर्ने, निर्माणस्थलको निरीक्षण, बीमा र पेश्की लिनका लागि कागजात तयार पार्ने काम प्रतिनिधिले गरिरहेका छन्। रु सात अर्ब ४० करोड ४६ लाखको लागतमा यो प्याकेजको ठेक्का लागेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ। डिजाइन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ। सडक चार लेनको बन्दा अहिले भएका पुलको ठाउँमा नयाँ पुल बन्नेछ। आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण गर्नुपर्ने मुग्लिन पोखरा सडक योजना पश्चिम (जामुने-पोखरा) खण्डका योजना प्रमुख अधिकारीले जानकारी दिनुभयो। तीमध्ये दमौलीस्थित मादी नदी र पोखरास्थित सेती नदीमा पुल निर्माणको ठेक्का लगाउन बाँकी रहेको उहाँले बताउनुभयो। बाँकी २९ पुल दुई प्याकेजमा लगाइएको ठेक्काअन्तर्गत नै निर्माण हुनेछ।

आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दूरीको भने डिजाइन हुँदैछ। यो खण्डमा हाल पृथ्वीराजमार्ग भएको स्थानमा मर्स्याङ्दी जलविद्युत् गृह रहेको छ। जलविद्युत् गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको छ।

चालु आर्थिक वर्षमा सङ्घीय सरकारले मुग्लिङ-पोखरा चार लेन सडक योजनाका लागि रु चार अर्ब ४३ करोड ४३ लाख बजेट विनियोजन गरेको छ। गत आर्थिक वर्षमा रु दुई अर्ब नौ करोड ५४ लाख चार हजार विनियोजन भएको थियो।




पदयात्रीहरूको चापः अन्नपूर्ण आधार शिविरमा पुगेका आन्तरिक पर्यटक । दशैं लगत्तै देशका विभिन्न स्थानबाट अन्नपूर्ण आधार शिविर, मर्दी पदमार्गसहितका पदमार्गमा पदयात्रीहरूको चाप देखिएको छ। तस्वीर : रासस

# मादीमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

मादी गाउँपालिका-७ छाचोकमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ। गाउँपालिकाको रु ३७ लाख र पहार ट्रष्ट नेपालको रु २६ लाख गरी रु ६३ लाख लागतमा निर्माण गरिएको सुविधासम्पन्न भवनबाट स्वास्थ्य सेवा सुरु गरिएको वडाध्यक्ष लालबहादुर गुरुङले बताउनुभयो।

नवनिर्मित भवनको बिहीबार एक कार्यक्रमबीच साँचो हस्तान्तरण गरी सेवा सुरु गरिएको औपचारिक घोषणा गरिएको थियो। सो स्वास्थ्य केन्द्रबाट सामान्य उपचार, औषधि वितरण, गर्भवती तथा बच्चाको जाँच, साधारण प्रसूति, नवजात शिशु सेवा, मानसिक स्वास्थ्य, नसर्ने रोगहरूको परामर्श तथा स्क्रिनिङलगायत सेवा उपलब्ध गराइने बताइएको छ। एकतले नवनिर्मित भवनमा सात कोठा छन्। सो केन्द्रमा हाल तीन स्वास्थ्यकर्मीको व्यवस्था गरिएको जनाइएको छ। गाउँपालिकाले सोही वडाको तल्लो छाचोक (खन्टारी)मा १० रोपनी क्षेत्रफल जमिनमा अस्पताल भवन निर्माण प्रक्रिया सुरु गरेको छ। सो अस्पताल सञ्चालनमा नआउञ्जेलसम्म आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट आवश्यक उपचार सेवा दिने योजना रहेको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "एक पालिका एक अस्पताल निर्माण गर्ने सरकारको योजनाअनुसार मादीको माथिल्लो भेगलाई लक्ष्य गरी गाउँपालिकाले पालिकास्तरीय सुविधासम्पन्न अस्पताल निर्माणको काम सुरु गरेको छ, सो अस्पताल निर्माण सम्पन्न हुनुअघि अहिलेको आधार भूत स्वास्थ्य केन्द्रबाट सम्भव हुनेसम्मको सेवा प्रदान गर्छौं।"

मादी-७ सहित उत्तरी भेगका वडा नं १, २, ३, ४ र ६ का नागरिकले आधारभूत सेवा केन्द्रबाट सेवा प्राप्त गर्नेछन्। गाउँपालिकाले पालिकास्तरीय अस्पताल निर्माणका लागि रु १९ करोड लागत अनुमान गरी बोलपत्र आह्वान गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटाले जानकारी दिनुभयो। भवनको साँचो हस्तान्तरण कार्यक्रममा गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङले मादीका सबै नागरिकलाई गाउँमै स्वास्थ्य सेवा प्रदान गर्ने गरी काम अघि बढाइएको बताउनुभयो। मादीको तल्लो भेगका नागरिकका लागि थुम्सीकोटमा प्राथमिक स्वास्थ्य केन्द्रबाट चिकित्सकसहितको स्वास्थ्य सेवा सुरु गरिएको र पालिकास्तरीय अस्पताल निर्माणपछि माथिल्लो भेगका नागरिकसमेत स्वास्थ्य सेवाबाट बञ्चित हुनुनपर्ने उहाँले बताउनुभयो। कार्यक्रममा भवन निर्माणको साझेदार संस्था प्रहार ट्रष्टका बिजुलीबहादुर गुरुङ, परियोजना प्रबन्धक टेकबहादुर रानामगर, निर्माण समितिका अध्यक्ष दुर्गाबहादुर गुरुङलगायतले आधारभूत स्वास्थ्य केन्द्रबाट प्रभावकारी सेवा प्रवाह हुने रट नागरिक लाभान्वित हुने विश्वास व्यक्त गर्नुभएको थियो।

# ७०८ सङ्क्रमित, १३२ सङ्क्रमण मुक्त

रासस
काठमाडौं, ५ कार्तिक

नेपालमा पछिल्लो २४ घण्टामा ७०८ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्कमा नौ हजार ३७६ जनामा कोरोना परीक्षण गर्दा ७०८ जनामा सङ्क्रमण पाइएको हो।

शुक्रबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार ९४६ जना रहेका छन्। ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला १४ रहेका छन्। ५०० भन्दाबढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन्। सङ्क्रमण दर १८.५ प्रतिशत रहेको छ। सङ्क्रमति शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका छन्। पछिल्लो २४ घन्टामा ९३२ जना सङ्क्रमणबाट निको भएका छन्। यससँगै नेपालमा हालसम्म सात लाख ८५ हजार ८१३ जनामा सङ्क्रमण रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.२ प्रतिशत रहेको छ। कोरोना सङ्क्रमणबाट ११ जनाको निधन भएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३३७ जनाको निधन भएको छ। त्यसैगरी होम आइसोलेसन १० हजार ११६, संस्थागत आइसोलेसनमा ८३० जना, सघन उपचार कक्ष (आइसियु)मा २७९ र भेन्टिलेटरमा ९१ जना रहेका छन्। आज ५८ हजार ८५३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ९४ हजार २७४ पहिलो मात्रा र ६५ लाख ४६ हजार २३७ पूर्ण मात्राको खोप लगाइसकेका छन्।

# एमाले सचिव भट्टराई उपचारका लागि अस्पताल भर्ना

रासस
काठमाडौं, ५ कार्तिक

नेकपा (एमाले) सचिव योगेश भट्टराई उच्च ज्वरोका कारण उपचारका लागि वीर अस्पतालमा भर्ना हुनुभएको छ।

सांसद भट्टराइलाई केही दिन अघिदेखि नै उच्च ज्वरो आएको तर कम नभएपछि शुक्रबार उहाँको उपचारका लागि वीर अस्पतालमा भर्ना गरिएको हो। भट्टराईका स्वकीय सचिव प्रेम गुरागाईंका अनुसार चिकित्सकले एकहप्तासम्म आराम गर्नुपर्ने सल्लाह दिनुभएको छ।

"उच्च ज्वरोका कारण आज उपचारका लागि वीर अस्पतामा भर्ना गरिएको छ", एमाले सचिव भट्टराईका स्वीकीय सचिव गुरागाईंले राससँग भन्नुभयो, "उपचार भइरहेको छ, चिकित्सकले एकहप्तासम्म पूर्णरूपमा आराम गर्न भन्नुभएको छ।"

# नेपाल वायुसेवा निगमले सुदूर पहाडमा उडान भर्ने

रासस
काठमाडौं, ५ कार्तिक

नेपाल वायुसेवा निगमले सुदूरपश्चिमका पहाडी जिल्लामा आइतबारदेखि उडान भर्ने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा निगमले आइतबारदेखि उडान सुरु गर्ने भएको हो।

बेमौसमी वर्षातसँगै आएको बाढी पहिराले त्यहाँका पहाडी जिल्लाका राजमार्ग अवरुद्ध भएका कारण यातायात सेवा पनि बन्द भएकाले मन्त्री आलेले नागरिकलाई सहजरुपमा सेवा दिने उद्देश्यले वायुसेवा निगमका जहाज सञ्चालन गर्न निर्देशन दिनुभएको हो।

मन्त्री आलेको निर्देशनपछि सुदूरपश्चिमका पहाडी जिल्ला बझाङ, बाजुरा र डोटीमा नेपाल वायुसेवा निगमले कैलालीको धनगढीबाट नियमितरुपमा हवाइ सेवा सञ्चालन गर्ने तयारी गरेको वायुसेवा निगमका महाप्रबन्धक डिमप्रकाश पौडेलले बताउनुभयो।

उहाँले भन्नुभयो, "बाजुरामा हाम्रो जहाज सञ्चालन थियो अब मन्त्रीको निर्देशनपछि बझाङ, बजुरा र डोटीमा नियमित हवाइ उडान सञ्चालन हुनेछ।" वर्षात्का कारण बाढी, पहिराले राजमार्ग अवरुद्ध हुँदा त्यहाँका नागरिकलाई यातयात सेवाका लागि निकै सास्ती हुँदै आएको छ।

बाढी, पहिराले गरेको क्षतिका बारेमा निरीक्षण तथा अवलोकनका लागि सुदूरपश्चिम पुग्नुभएका मन्त्री आलेलाई त्यहाँका नागरिकले बाढी, पहिराले बाटाघाटा र सडक अवरुद्ध हुँदा समस्या भएको र जहाज सञ्चालनका लागि आग्रह गरेपछि उहाँले सुदूरपश्चिमका पहाडी जिल्लामा नियमित उडान गर्न नेपाल वायुसेवा निगमलाई निर्देशन दिनुभएको हो।

मन्त्री आलेको निर्देशनपछि सुदूरपश्चिमका पहाडी जिल्लामा आइतबारदेखि कैलालीको धनगढी विमानस्थलबाट जहाज चलाउनका लागि सम्पूर्ण तयारी पूरा भएको नेपाल वायुसेवा निगमले जनाएको छ। सुदूरपश्चिमका पहाडी जिल्लामा सहुलियत भाडा दर कायम गरी हवाइ उडान गर्ने योजना रहेको वायुसेवा निगमको कार्यालयले जनाएको छ। मन्त्री आलेकै निर्देशनमा नेपाल वायुसेवा निगमले आइतबारदेखि धनगढी-काठमाडौँ पनि उडान गर्ने भएको छ।

यसैबीच मन्त्री आलेले आजै कैलालीको धनगढीमा रहेको गेटा विमानस्थलकोसमेत निरीक्षण गर्नुभएको उहाँको सचिवालयले जनाएको छ। विमानस्थलको निरीक्षण गर्दै मन्त्री आलेले गेटा विमानस्थललाई राष्ट्रियस्तरको विमानस्थलमा बिस्तार गर्नुपर्ने बताउनुभएको थियो। कूल ८३ बिघा क्षेत्रफल रहेको विमानस्थललाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन बजेट विनियोजन गर्नेसमेत मन्त्री आलेले प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

## पर्यटनको...

रहेको छ। त्यस्तै सोमबार मनाङ गाउँबाट तिलिचो बेसक्याम्प, मङ्गलबार तिलिचो बेसक्याम्पबाट याक खर्कसम्मको यात्रा गर्नेछन्।

त्यसैगरी बुधबार बेसक्याम्पबाट थोराङ्ला पास, बिहीबार थोराङ्ला पासबाट मुक्तिनाथको यात्रा तय गर्ने योजनासहित साइकलयात्रीको समूह भ्रमणमा निस्किएको अर्का संयोजक धरमबहादुर लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार शुक्रबार मुक्तिनाथदेखि मार्फा, शनिबार मार्फादेखि तातोपानी, आइतबार तातोपानीदेखि गोडेपानी र सोमबार गोडेपानीदेखि पोखरा पुगेर यात्राको समापन गर्ने योजना रहेको छ।

मौसममा केही सुधार भएपछि मनाङमा पर्यटनलाई तिलिचो तालसम्म जान दिने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो। आन्तरिक तथा बाह्य पर्यटक आउने मौसम भएकाले पनि मौसमको अनुकूलताअनुसार पर्यटकलाई तिलिचो ताल, थोराङ्ला पाससम्म गर्न दिइएको उहाँले बताउनुभयो। "मौसम अनुकूल भएको अवस्थामा पर्यटकलाई आवतजावत गर्न दिइएको छ। सुरक्षा व्यवस्था पनि गरिएको छ।

सबै स्थानमा सडक सहज नभए पनि सुरक्षित यात्रा गर्ने वातावरण बनाउनतर्फ लागिपरेका छौँ। मौसम सुधार भएपछि भने सडकको पनि मर्मत गर्ने तयारीमा रहेका छौँ", प्रजिअ आचार्यले भन्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पदयात्रा पर्यटनमा उत्साह, लगातारको झरीले बुकिङ सार्दै पर्यटक

-वासुदेव पौडेल/कृष्ण दवाडी
गण्डकी, ५ कार्तिक

पोखरामा क्रियाशील पत्रकार श्याम राना दसैँलगत्तै अन्नपूर्ण आधार शिविरसम्मको पदयात्राका लागि निस्कनुभयो । उहाँसँगै काठमाडौँबाट आउनुभएका अन्य दुई सञ्चारकर्मी पनि हुनुहुन्थ्यो ।

कोरोनाका कारण झण्डै दुई वर्षयता ठप्प जस्तै बनेको अन्नपूर्ण आधार शिविर(एबिसी) क्षेत्रको पदयात्राका लागि देशका विभिन्न स्थानबाट आएका आन्तरिक पर्यटकमा पदयात्राप्रति देखिएको आकर्षण तथा उत्साहले उहाँ यतिखेर दङ्ग हुनुहुन्छ । अन्नपूर्ण आधार शिविरसम्म पुदा र फर्कँदा बाटोमा लस्करै देखिएका पदयात्रीको चापले सो क्षेत्रका पर्यटन व्यवसायीलाई आफूले निकै उत्साहित पाएको उहाँले बताउनुभयो ।

"कोरोनाका कारण लामो समयसम्म घरबाट निस्कन नपाएका पर्यटक यतिखेर खुसीका साथ अन्नपूर्ण आधार शिविर क्षेत्रमा पदयात्रा गरिरहेका छन्", उहाँले भन्नुभयो, "पदयात्रा गर्न पाउँदा पर्यटक हर्षित त छन् नै पर्यटकलाई स्वागत गर्न पाउँदा पदयात्रामार्गका व्यवसायीको खुसी अझै चुलिएको छ ।"

लामो समयदेखि प्रभावित पदयात्रा पर्यटनले गति लिएसँगै सो क्षेत्रका व्यवसायीलाई पर्यटकलाई न्यानो आतिथ्यतासँगै खानपान र बसोबासको व्यवस्था गर्न भ्याइनभ्याइ छ । कोभिड-१९ को महामारीका कारण दुई वर्षयता सुनसान बनेका अन्नपूर्ण संरक्षण क्षेत्रका पदमार्ग दसैँको आगमनसँगै आन्तरिक पर्यटकले भरिभराउ भए । कोरोनाले बन्द यस क्षेत्रको पदयात्रा आगामी असोज पहिलो साताबाट खुलेको हो । विश्वकै उत्कृष्ट १० मध्येको उक्त पदमार्गमा पर्ने सो आधार शिविर क्षेत्रमा स्वास्थ्य मापदण्ड बनाएर पदयात्रा खोलिएको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङले बताउनुभयो ।

नजिकैबाट हिमाल नियाल्दै पदयात्रा गर्न पाउनु यस पदमार्गको विशिष्टता रहेको र यस क्षेत्रको पदयात्रामा आउनेका लागि अधिकतम सेवासुविधा उपलब्ध गराउनेतर्फ यहाँका व्यवसायी क्रियाशील रहेको युवा पर्यटन व्यवसायी एवं अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले जानकारी दिनुभयो ।

यस पदमार्ग क्षेत्रका २६ होटलले पर्यटकलाई सेवा दिइरहेकामा अन्य १० होटेल थप्ने भनिए पनि कोरोनाका कारण त्यो सम्भव हुन सकेको थिएन । चार दशकअघि उक्त आधार शिविर जाने पर्यटक त्यहाँका भैँडीगोठ र चित्रा/भकारीले बारेका झुपडीमा बस्नुपर्ने बाध्यतालाई भने सुविधासम्पन्न होटेलको निर्माणले अन्त्य गरिदिएको छ । विसं २०४३ मा स्थापित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को पहलमा २०४९ सालपछि उक्त क्षेत्रमा होटल सञ्चालनमा आएका हुन् । एक्यापले निर्धारण गरेको मापदण्डअनुसार पदयात्रा मार्गका सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे र अन्नपूर्ण आधार शिविरसम्म होटेल चलेका थिए । मापदण्डअनुसार प्रत्येक होटलमा छसहित १५६ कोठामा पर्यटक बस्न सकिने व्यवस्था छ । कोरोना सुरु हुनुभन्दा अघिका वर्षमा ८० हजार आन्तरिक तथा बाह्य पर्यटकले भ्रमण गर्ने यस क्षेत्रमा पछिल्लो दुई वर्ष भने कोरोनाका कारण सुनसान जस्तै बनेको थियो । सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको हो । आठ हजार ९१ मिटर उचाइको सो हिमाल आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण आरोहणको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटरको उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेपछि सो क्षेत्र पदयात्राका दृष्टिबाट पनि उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा चिनियो । घान्द्रुकबाट अन्नपूर्ण आधार शिविरसम्म पुग्न बाह्यले सामान्यतः चार र आन्तरिक पर्यटकले तीन दिन लगाउँछन् । पछिल्ला वर्षमा यहाँका होटलले विदेशी परिकार पनि पस्कन थालेका छन् । एक्यापले स्थानीयवासीलाई बेलाबेलामा तालिम दिँदै आएको छ । होटलले विदेशी परिकार बनाउन सक्ने कुक राख्न थालेका छन् । होटलको क्षमता विस्तारसँगै पदमार्ग क्षेत्रका देउरालीको पूर्वतर्फको पहाडमा रहेका बुद्धाकृति, दोभान र हिमालको बीचमा अवस्थित प्राचीन पुजनीय बराह तथा सो मन्दिर परिसरबाट देखिने १०८ धारा, झिनुडाँडास्थित तातोपानीको कुण्डजस्तास्थललाई थप व्यवस्थित गर्न चासो बढ्नुका साथै यी स्थानले पदयात्री पर्यटकलाई लोभ्याउने गरेका छन् । मौसमको प्रतिकूलताका बाबजुद पनि दसैँलगत्तै पदमार्ग क्षेत्रमा देखिएको चापले यहाँका व्यवसायीमा उत्साह जगाएको गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण आधार शिविर(एबिसी) सँगै मर्दी हिमाल पदयात्रा र माछापुच्छ्रे पदमार्गमा दसैँयता केही विदेशीसहित स्वदेशी पर्यटक दसैँमा उल्लेख्य बढेका थिए ।

पर्यटक नआउँदा लामो समय सुनसान बनेका पदमार्गका होटल तथा रेष्टुरेन्ट भरिभराउ बनेपछि पर्यटन व्यवसायीको मन उत्साहित बनाए पनि केही दिन यताको मौसमको प्रतिकूलता र लगायतका झरीले भने उनीहरूको मन कुँडिएको छ । दसैँको घटस्थापनादेखि पदमार्गमा आन्तरिक पर्यटकको चाप बढ्दै गएकामा दसैँको टीकाको भोलिपल्टदेखि त यहाँका होटलमा कोठा पाउनै मुस्किल पर्न थाल्यो । होटलका कोठा पाहुनाले भरिए । आन्तरिक पर्यटकको बाक्लो उपस्थिति देखिएको पदमार्ग पर्यटकको आकर्षणलाई केही दिन यताको लगातारको वर्षाले भने प्रभावित बनाएको छ ।

मर्दी हिमालको हाइक्याम्पमा होटल स्नोल्याण्ड एण्ड स्पा सञ्चालन गर्दै आउनुभएका राजु पौडेलले घटस्थापनादेखि मर्दी पदयात्रामा आन्तरिक पर्यटक व्यवस्थापन नै गर्न हम्मेहम्मे पर्ने गरी गरी बढे पनि मौसमको प्रतिकूलताले धेरै पर्यटकले बुकिङ सार्न थालेको बताउनुभयो ।

पर्यटक बढेपछि हाइक्याम्पमा चालू अवस्थामा रहेका ११ वटा होटलमा पर्यटकलाई बास र खानाको प्रबन्ध गर्नसमेत भ्याइनभ्याइ भएको उहाँले सुनाउनुभयो । "हामीले सोचेभन्दा धेरै पर्यटक अहिलेको दसैँमा मर्दी हिमाल आउनुभयो, कूल पर्यटक आवागमनमा १० प्रतिशत जति विदेशीसमेत हुँदा हाम्रो मनमा खुसी छाएको थियो", उहाँले भन्नुभयो, "मौसमको प्रतिकूलताका कारण कतिपयले बुकिङ सार्नुभएको र कतिपयले रद्दसमेत गर्नुपरेको हुँदा मन खिन्न भएको छ ।"

उहाँले केहीले बुकिङ पछाडि सारे पनि बिग्रँदो मौसमका कारण आफूहरू चिन्तित बनेको जनाउँदै भन्नुभयो, "मौसम सामान्य नै रहेको भए यसपटक तिहारसम्म नै पर्यटक थामिनसक्ने गरी आउने देखिएको थियो, त्यहीअनुसार अग्रिम बुकिङ पनि लिएका थियौँ ।" "कोरोनाले दुई वर्षसम्म दिएको पीडा अहिले भुलाउँदै खुसी साट्न नपाउँदै मौसमले धोका दिएको छ", उहाँले थप्नुभयो । मौसममा बदलावका कारण अधिकांश पर्यटकले पदयात्रा स्थगन गरे पनि केही पर्यटक भने झरीको प्रवाह नगरी रेनकोट र बुट लगाएर भए पनि पदयात्रामा गरिरहेका छन् । कोभिडका कारण लामो समय घरभित्रै गुम्सिएका अहिले चुनौतीको सामना गरेर भए पनि पदयात्रामा निस्किएको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

मर्दी ट्रेक पर्यटन व्यवस्थापन तथा व्यवसायी समितिका संस्थापक अध्यक्ष एवं होटेल ट्रेकर्स प्याराडाइजका सञ्चालक सुदीप गौतमले दसैँ सुरुपछि दैनिक ३०० जनाको हाराहारीमा पदयात्राका लागि पर्यटक मर्दी हिमाल आएको बताउनुभयो । दसैँ र तिहारको बिदासम्म पर्यटकको चाप यसभन्दा बढी हुने विश्वास आफूहरूले लिए पनि वर्षाका कारणले केही प्रभावित बनाएको उहाँले बताउनुभयो । सरकारले वर्षाका कारण पदयात्रा नगर्न भने पनि मर्दी हिमालको आधार शिविरसम्म पुग्न कुनै समस्या नरहेको उहाँको भनाइ छ ।

"पोखरामा बढेको पर्यटकको चापको प्रभाव पदयात्रा पर्यटनमा समेत पर्ने गरेको छ । पदयात्रा पर्यटनमा देखिएको आकर्षणले छिट्टै पर्यटन पुनःस्थापना हुने विश्वासमा थियौँ", उहाँले भन्नुभयो, "अहिले मौसम प्रतिकूल बने पनि एक/दुई दिनमै सुधार भएमा पर्यटकको पहिलाको चाप पुनः बढ्ने विश्वासमा छौँ ।" मर्दी पदयात्राका धम्पुस, अष्ट्रेलियन क्याम्प, पोथना, हाइक्याम्प, लो क्याम्पका होटल तथा रेष्टुरेन्ट सबै खुलेका छन् । होटलमा आउने पर्यटकका लागि स्वास्थ्य मापदण्ड पालना गराउने गरिएको गौतमले बताउनुभयो । विदेशी पर्यटक आउन समय लाग्ने भएकाले आन्तरिक पर्यटकमै अझै केही महिना पर्यटन निर्भर हुने बताइन्छ । विगतका वर्षमासमेत विशेषगरी दसैँको आसपासमा यस क्षेत्रमा पर्यटकको बाक्लो चहलपहल हुने गरेको थियो । विगतमा विदेशी पर्यटक उल्लेख्य हुने गरे पनि दुई वर्षयता विदेशीको आगमन भने अत्यन्त न्यून छ ।

छोटो अवधिमा नजिकबाट हिमशृङ्खलाको अवलोकन मर्दी पदयात्राको आकर्षण हो । पदयात्री मौसमनुसारका फूल फुल्ने हरियालीसँग यात्राका क्रममा आनन्दित हुने गर्दछन् । गत वर्ष दसैँ तिहारमा पर्यटकको घुइँचो भएपछि कोभिड-१९ को सम्भावित जोखिम न्यूनीकरणका लागि पदयात्रामा आउने पर्यटकसँग पीसीआर रिपोर्ट अनिवार्य गरिएपछि पर्यटक घटेका थिए । पछि निषेधाज्ञा जारी भएपछि सबै होटल बन्द गरिएका थिए ।

सो पदयात्रामा जाने पोखराबाट धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको अष्ट्रेलियन क्याम्प, पोथना देउराली, फरेष्ट क्याम्प, लो क्याम्प, हाइक्याम्प हुँदै चार हजार ५०० मिटर उचाइमा अवस्थित मर्दी हिमालको आधार शिविरसम्म पुग्ने गर्दछन् । पोखराबाट जीपमा माछापुच्छ्रे गाउँपालिकाको सिदिङसम्म पुगेर त्यहाँबाटसमेत मर्दी हिमाल पुग्न सकिन्छ । पछिल्लो समय पोखरा-२५ को मेलबोटदेखि नै पदयात्रा सुरु गर्ने गरी नयाँ पदयात्रामार्गको खोजी गरेर पैदलमार्ग निर्माण गरिएको हो ।

मेलबोटदेखि पदयात्रा शुरु भएर, अस्ताम, धिताल, धम्पुस, प्रितम देउराली तथा धिताल ल्वाङ, घलेल कालीमाटी हुँदै मर्दी हिमाल जोड्ने गरी पदयात्रामार्ग विकास गर्ने योजनाअनुसार पूर्वाधार निर्माण गरी नयाँ मार्गको विकास गरिएको छ । यसैगरी पछिल्लो समय माछापुच्छ्रे गाउँपालिका-१ को टुसेबाट ग्रेट माछापुच्छ्रे ट्रेल समिति(जिएमटी) मार्फत माछापुच्छ्रे पदयात्रा पर्यटनको प्रवर्द्धन सुरु गरिएको छ । समितिका उपाध्यक्ष सरोज गुरुङले दसैँको आसपासमा माछापुच्छ्रे पदयात्रामा पर्यटकका चार वटा ग्रुप आए पनि अहिले कम भएको उहाँले बताउनुभयो ।

पदयात्राका लागि मौसम सुधार भएपछि आउने गरी केही समूहले सोधपुछ गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "माछापुच्छ्रे पदयात्रा प्रवर्द्धन सुरु गरेको छोटो समयमा पनि आन्तरिक पर्यटकको चहलपहल बढेको छ, इन्क्वारी आउन थालेको छ, विस्तारै राम्रो होला ।"

# जनता आवास कार्यक्रम : घर ठडिए, भुक्तानी आएन

-रामबहादुर थापा
बागलुङ, ५ कार्तिक

गलकोट नगरपालिका-७ मल्मका चेमबहादुर विक सरकारले दिएको नयाँ घरमा बस्न थालेको वर्ष दिन बित्यो । जनता आवास कार्यक्रममार्फत विकले घर त पाउनुभयो तर यही घर बनाउने निर्माण व्यवसायी चन्द्रबहादुर थापा भने मारमा हुनुहुन्छ ।

गत वर्ष असोजमै घर निर्माण सकेर लाभग्राहीलाई बुझाउनुभएका उहाँले कामको भुक्तानी भने अझै पाउनुभएको छैन । रु तीन लाख ३५ हजारमा निर्माणको जिम्मा पाएकामा पहिलो किस्ताबापत रु ८० हजार मात्र बुझेको उहाँले सुनाउनुभयो । "आफ्नै खर्च र ऋण खोजेर कामदारलाई बुझाएँ, हार्डवेयरमा अझै तिर्न बाँकी छ", उहाँले भन्नुभयो, "थोरै बजेटमा अरुले गर्न नमानेपछि आफैँले काम आँट्दा झन समस्यामा फसेयो ।" उहाँले रु दुई लाख ५५ हजार भुक्तानी पाउन बाँकी छ । व्यवसायी थापाले घर निर्माणका चरणमा एकपटक वडाका प्रतिनिधिबाहेक कोही पनि अनुगमनमा नआएको बताउनुभयो । अहिले त कतैबाट सोधखोजसमेत हुन छाडेको छ । घर बनेर लाभग्राहीले बस्न थालेको यतिका समय भइसक्दा पनि भुक्तानी नपाउँदा निर्माण व्यवसायी निराश छन् । सोही वडाकी भुमा विकको घर बनाउने ठेक्का पाउनुभएका निर्माण व्यवसायी रुद्र केसीले पनि तेस्रो किस्ता भुक्तानी नपाएको गुनासो गर्नुभयो । उहाँले पहिलो किस्ताबापत रु ७० हजार र दोस्रोमा रु ८० हजार भुक्तानी लिइसक्नुभएको छ । रु तीन लाख ४० हजार ठेक्कामा बनेको घरको तेस्रो किस्ता रकम लिन बाँकी रहेको केसीले बताउनुभयो । "गत वर्ष दसैँमै घर सम्पन्न भएर परिवार बस्न थालेपनि कामको पूरा पैसा अझै पाइएको छैन", उहाँले भन्नुभयो । बेलैमा भुक्तानी नआउँदा कामदार र निर्माण सामग्रीको पैसा तिर्न नसकिएको केसीले बताउनुभयो । दुईकोठे भवन र शौचालयका लागि कार्यक्रममार्फत लाभग्राहीले अनुदान पाउने गरेका छन् । वडा नं ९ मा पनि दुई लाभग्राहीले तेस्रो किस्ताको रकम नपाएको वडाध्यक्ष तेजबहादुर थापाले बताउनुभयो । स्थानीयवासी नरबहादुर र कृष्णबहादुर विकको घर गत वर्ष नै निर्माण पूरा भएको उहाँको भनाइ छ । "काम गरेको पैसा नपाएको जनाउँदै कति पटक ठेकेदार नै झगडा गर्न आए, सरकारको ढिलासुस्तीले कामदारले पनि दुःख पाएका छन्", उहाँले भन्नुभयो । आफ्नो वडामा मात्रै नभएर अन्यत्र पनि जनता आवास कार्यक्रम अलपत्र परेको जनाउँदै उहाँले सरकारले पर्याप्त बजेट र मानव संशाधनको प्रबन्ध गर्नुपर्ने बताउनुभयो । कार्यक्रमको प्रभावकारी कार्यान्वयमा स्थानीय तहसमेत मूकदर्शक बनिरहेका छन् । उक्त कार्यक्रम हेर्ने जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख महेन्द्र पौडेलले लाभग्राही धेरै र बजेट कम हुँदा भुक्तानी प्रक्रिया लम्बिएको बताउनुभयो । "बजेट सीमित छ, माग धेरै छ, भएकालाई दामासाहीमा बाँड्नुपर्ने स्थिति छ", उहाँले भन्नुभयो, "सबै किस्ता भुक्तानी जान अझै केही समय लाग्ने देखिन्छ ।" कागजात नमिलेकाबाहेक अधिकांश लाभग्राहीले दोस्रो किस्ता पाइसकेको र तेस्रो किस्ता पाउन बाँकीरहेकोपौडेलले बताउनुभयो । तिहारलगत्तै केही रकम वितरण गर्ने योजनामा कार्यालय छ । जनता आवास कार्यक्रमबाट जिल्लामा हालसम्म ४११ घर निर्माण भएका छन् । यहाँका सबै लाभग्राहीलाई तेस्रो किस्ता दिन ठूलो बजेट चाहिने भए पनि कार्यालयमा रु एक करोड ४० लाख मात्र बजेट छ । बराबरीले बाँड्दा थोरै मात्र पैसा लाभग्राहीसम्म पुग्छ । पर्याप्त बजेट नभएसम्म भुक्तानीमा ढिलाइ हुने निश्चित छ ।

आवासविहीन, गरिब, दलित र विपन्नलाई लक्षित गरेर सरकारले केही वर्षअघिदेखि जनता आवास कार्यक्रम सञ्चालनमा ल्याएको थियो । सङ्घ सरकार मातहत रहेको उक्त कार्यक्रम अहिले प्रदेशमार्फत सञ्चालन भइरहेको छ । प्रदेश तहमा बजेट र मानव संशाधनको अभावमा कार्यक्रम प्रभावित बनेको हो ।

# मोनाको नयाँ कार्यसमिति चयन

पोखरापत्र संवाददाता
म्याग्दी, ५ कार्तिक

म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना)को अन्तर्राष्ट्रिय कार्यसमितिको अध्यक्षमा अमर छन्त्याल चयन हुनुभएको छ । बेनीमा बिहीबार राति सम्पन्न चौथो अधिवेशनबाट धवलागिरि गाउँपालिका-१ गुर्जामा जन्मिएर हाल अमेरिकामा बसोबास गर्दै आउनुभएका छन्त्यालको नेतृत्वमा कार्यसमिति चयन गरिएको हो ।

अध्यक्षका आकांक्षी नेदरल्याण्डका मिम पुर्जा र कतारका विक्रम कार्कीले उम्मेदवारी फिर्ता लिएपछि छन्त्याल निर्विरोध हुनुभएको निर्वाचन समितिले जनाएको छ । अध्यक्षमा निर्वाचित छन्त्याल यसअघिको कार्यसमितिमा उपाध्यक्ष हुनुहुन्थ्यो । वरिष्ठ उपाध्यक्षमा डबीवल खड्का (जापान), उपाध्यक्षमा सूर्य भट्चन (पोर्चुगल), जङ्गबहादुर पुन (युके), नन्द गर्बुजा (युएई), महिला उपाध्यक्षमा पूर्णिमा पाइजा आशा (हङकङ) र महासचिवमा हरि राम्जाली (अष्ट्रेलिया) चयन हुनुभएको निर्वाचन समितिका संयोजक सुवासकुमार श्रेष्ठले जानकारी दिनुभयो । सचिवमा सुनेश केसी (दक्षिण कोरीया), विष्णुप्रसाद बरुवाल (साउदी अरब), प्रवक्तामा हिक्मत श्रेष्ठ (अष्ट्रेलिया), कोषाध्यक्षमा महेन्द्र खड्का (जापान), सहकोषाध्यक्षमा भक्त रोका (युके), महिला संयोजकमा अनुषा थापा (स्पेन) चयन हुनुभएको निर्वाचन समितिका सदस्य राजेश शाक्यले बताउनुभयो । मध्यपूर्व संयोजकमा साउदी अरबका तिलक पुन, अमेरिका संयोजकमा अमर भण्डारी, एसियामा दीपक कार्की संयोजक चयन हुनुभएको छ । महिला उपसंयोजकमा विष्णु बानियाँ, मध्यपूर्व उपसंयोजकमा दीपक छन्त्याल, अमेरिका उपसंयोजकमा भीम रेग्मी र एसिया उपसंयोजकमा प्रेम पुन (जापान) चयन हुनुभएको छ ।

मोना कतारका प्रतिनिधि भने निर्वाचनमण्डलले मतदानबाट नेतृत्व चयन प्रक्रिया अघि बढाउन बेवास्ता गरेको र खाडी मुलुकलाई नेतृत्वबाट बञ्चित गराउन खोजिएको आरोप लगाउँदै महाधिवेशन हलबाट बाहिरिएका छन् । मोना कतारका प्रतिनिधि तिलु शर्माले मतदानबाट नेतृत्व चयन गर्ने प्रजातान्त्रिक व्यवस्थालाई लत्याएर खाडी मुलुकलाई हेप्ने व्यवहार भएकाले अध्यक्षका प्रत्यासी विक्रम कार्की र सचिवका उम्मेदवार रमेश पौडेलले उम्मेदवारी फिर्ता लिएर बाहिरिएको बताउनुभयो ।

रोजगार, व्यापार, व्यवसाय, अध्ययनको सिलसिलामा विदेशिएका म्याग्देली आवद्ध मोनाको अधिवेशन मङ्गलबारदेखि बेनीमा सुरु भएको थियो । अठ्ठाइस देशमा विस्तार भएको मोनाका २६१ प्रतिनिधिले भौतिक र भर्चुअल माध्यमबाट महाधिवेशनमा सहभागिता जनाएका थिए । प्रवासी म्याग्देलीले मोनामार्फत विपद् व्यवस्थापन, महामारी नियन्त्रण, शिक्षा, स्वास्थ्य, पर्यटन पूर्वाधारका क्षेत्रमा सहयोग तथा जलविद्युत् आयोजनामा निजी लगानी भित्र्याएका छन् ।

# जेसिज सप्ताह शनिबारदेखि

पोखरापत्र संवाददाता
बागलुङ, ५ कार्तिक

शनिबारदेखि यहाँ जेसिज सप्ताह सुरु हुँदैछ । बागलुङ जेसिजले बिहीबार पत्रकार भेटघाटमार्फत सो जानकारी गराएको हो ।

सप्ताहअन्तर्गत पहिलो दिन उद्घाटन समारोहसहित युवा सम्मान र मैत्रीपूर्ण फुटसल प्रतियोगिता हुनेछ । सप्ताहको दोस्रो दिन आइतबार स्व सत्यदेवी स्मृति 'स्लो बाइक रेस', यही कात्तिक ८ गते बैंकर्स करियर तालिम, ९ गते साइकल यात्रा, १० गते प्रभावकारी सार्वजनिक भाषण कला तालिम र ११ गते माध्यमिक विद्यालयस्तरीय नृत्य प्रतियोगिता राखिएको छ ।

त्यसैगरी १२ गते स्व प्रगति स्मृति वक्तृत्वकला प्रतियोगितासहित, पुरस्कार वितरण र समापन समारोह हुने सप्ताहका मूल संयोजक अमरबहादुर थापाले जानकारी दिनुभयो । जेसिजले वर्षेनी सप्ताहको आयोजना गर्ने गर्दछ । अघिल्लो वर्ष कोभिड-१९ का कारण भर्चुअल माध्यमबाट जेसिज सप्ताह मनाएको थियो । जेसिजकमीले सप्ताहलाई वार्षिक पर्वका रूपमा लिन्छन् । रचनात्मक र सिर्जनशील कार्यक्रममार्फत समाजलाई सकारात्मक टेवा पुऱ्याउनु सप्ताहको उद्देश्य रहेको बागलुङ जेसिजका अध्यक्ष आनन्दप्रसाद रेग्मीले बताउनुभयो । दुर्घटना न्यूनीकरणका लागि सन्देश दिन 'स्लो बाइक रेस' देखि स्वास्थ्य र पर्यावरणका लागि साइकल यात्रासम्मका कार्यक्रमलाई सप्ताहमा समेटिएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : मन चञ्चल | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखात, माटो हेर्नका लागि सम्झनुहोस् ।

## राहदानी हरायो

स्याङ्जाको फेदिखोलाबाट मिति २०७८ साल भदौ २५ गतेका दिन मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा नजिकको प्रहरी चौकीवा उल्लेखित ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।
राहदानी नं.: ११५०९७४६
नामः सुजन गुरुङ
ठेगानाः पुतलिबजार नगरपालिका वडा नं- ८ (साविक बहाकोट गाविस-९), स्याङ्जा
सम्पर्क नं. ९८२३१०९००२

# प्रसारण लाइन निर्माणका लागि सात टावर तयार

**पोखरापत्र संवाददाता**
**दमौली, ५ कार्तिक**

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणले गति लिएको छ । आयोजनाको प्याकेज-३ अन्तर्गतको प्रसारण लाइन निर्माणका लागि हालसम्म सात टावर निर्माण सम्पन्न गरिएका छन् ।

कूल ९४ मध्ये २७ फाउण्डेशनको काम सकिएको छ भने छवटा फाउण्डेशनको काम चलिरहेको छ । त्यस्तै २० टावरका लागि आवश्यक सामग्री फिल्डमा आउने क्रममा रहेको आयोजना प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । प्रसारण लाइन निर्माणको काम भारतीय कम्पनी केइसीले पाएको छ । प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । त्यसका लागि जग्गाको मुआब्जा पनि वितरण भइरहेको छ । प्रसारण लाइन निर्माणका क्रममा व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ ।

प्रसारण लाइन निर्माणका लागि रुख काट्नुपर्ने सङ्ख्या घटेकाले आइई पुनरावलोकन गरी स्वीकृतिका लागि विद्युत् विकास विभाग पठाइएको घिमिरेले बताउनुभयो । प्रसारण लाइन निर्माणका लागि कूल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गर्न रु एक करोड ३१ लाख ३४ हजार ५१० मुआब्जा निर्धारण गरिएको छ ।

आयोजनाले तीनवटै प्याकेजका कामलाई तीव्रता दिइरहेको छ । प्याकेज-१ अन्तर्गत पनि निर्माण कम्पनीले आवश्यक तयारी थालेको छ । प्याकेज-१ अन्तर्गतको नदी फर्काउने, बाँध निर्माणलगायत पहिलो प्याकेजका लागि आठ जना भियतनामी प्राविधिक साइटमै परिचालन छन् । उक्त कामका लागि आयोजनाले सोङ दा कर्पोरेशन, भियतनाम-कालिका कन्सट्रक्शन प्रालि नेपाल जेभीसँग सम्झौता गरेको थियो । उनीहरूले अहिले साइटमा क्याम्प निर्माण, रिभर क्रसिङसम्बन्धी काम गरिरहेका छन् । विस्तृत सर्वेक्षण र डिजाइनको काम पनि भइरहेको आयोजनाले जनाएको छ । प्याकेज-२ अन्तर्गत सिनो हाइड्रोले भूमिगत काम गरिरहेको छ । सोअनुसार हाल पाँच ठाउँमा काम भइरहेको छ । पावरहाउस, वर्क टनेल, सर्च ट्याङ्कलगायतका काम चलिरहेको छ । सिनो हाइड्रोले हालसम्म पाँचवटा सुरुङको काम सकेको छ । एक सय ९० मिटरको केवल सुरुङ, २८१ मिटरको मुख्य प्रवेश सुरुङ, ४३७ मिटरको सर्च ट्याङ्क जाने पहुँच सुरुङ र ३१४ मिटरको ड्याम जाने सुरुङ खनेर सकिएको छ ।



निःशुल्क तयारी कक्षा शुभारम्भ : शैक्षिक बेरोजगार न्यूनिकरणमा जोड दिँदै वालिङ नगरपालिकाले थालेको लोकसेवा आयोगको निःशुल्क तयारी कक्षाअन्तर्गत स्वास्थ्य सेवातर्फ अहेब/अनमीको एक महिने प्रशिक्षणको शुरुआत गर्दै नगर प्रमुख दिलीपप्रताप खाँण । तस्वीर : तोलाकान्त बगाले, रासस

# विद्यालय भवन निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ कार्तिक**

विकास बेल्जियम र जलजला गाउँपालिकाको साझेदारीमा विद्याज्योति माविको कक्षाकोठा भवन निर्माण सुरु गरिएको छ । जलजला-३ मा रहेको विद्याज्योति माविको १० कोठे दुईतले भवन निर्माणका लागि विकास बेल्जियमले ७५ प्रतिशत र गाउँपालिकाले २५ प्रतिशत लागत साझेदारी गरेका छन् । रु दुई करोड १३ लाख ९५ हजार ७६२ लागत अनुमान गरिएको भवन निर्माणका लागि करसहित रु एक करोड ६० लाख ७२ हजार ९७२ मा त्रिशक्ति कन्ट्रक्शन इञ्जीनियरिङले ठेक्का लिएको गाउँपालिकाका इञ्जीनियर सुनिल बानियाँले बताउनुभयो । विसं २०७८ साउन ५ गते ठेक्का सम्झौता भएको भवन २०७९ को असार १० गते निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्माण कम्पनीका प्रतिनिधिले निर्धारित समयभित्रै भवन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित कामलाई तीव्र बनाएको बताएका छन् ।

विद्यालयका प्रअ रघु आचार्यले पुरानो भवन जीर्ण भएपछि नयाँ भवन निर्माणका लागि गाउँपालिका र विकास बेल्जियममा डिपिआर तयार पारेर प्रस्ताव गरिएको बताउनुभयो । भवन योजना भित्र्याउन मल्लाजका रामबहादुर विक, टेकबहादुर बरुवाल र म्याग्दीको ताकम घर भई हाल बेल्जियममा रहनुभएका ज्ञान विश्वकर्माले पहल तथा समन्वय गर्नुभएको थियो । कक्षा १२ सम्मको पठनपाठन हुने विद्यालयमा हाल २७० विद्यार्थी छन् । विसं २००४ मा स्थापना भएको विद्याज्योति धवलागिरि क्षेत्रकै पुरानो विद्यालय मानिन्छ । नयाँ भवन निर्माण भएपछि पठनपाठन र शैक्षिक गतिविधिमा सहज हुने शिक्षक, विद्यार्थी र व्यवस्थापन समितिका पदाधिकारीको अपेक्षा छ ।

# कात्तिके स्नानका लागि कालीगण्डकीमा दैनिक भीड

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ कार्तिक**

कात्तिक महिना सुरु भएसँगै आध्यात्मिक र जैविक महत्वको कालीगण्डकी नदीमा स्नान गर्नेको भीड बढेको छ । कात्तिक स्नान गर्नकालीगण्डकी नदीमा भक्तजनको बिहानको समयमा भीड नै लाग्ने गरेको हो । कात्तिकभरि नै यहाँ स्नान, जप र ध्यान गर्नेको भीड लाग्ने गर्दछ ।

आश्विन शुक्ल पूर्णिमादेखि कात्तिक शुक्ल पूर्णिमासम्म कात्तिक स्नानसहित तुलसीको विशेष पूजा आराधना, आकाश दीपदान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वासले कालीगण्डकीको गलेश्वर, बेनीबजार, सेतीबेणी, रिडीलगायत क्षेत्रमा गण्डकी स्नानका लागि भीड लाग्ने गरेको हो ।

विभिन्न पौराणिक ग्रन्थमा कालीगण्डकीको महिमाको वर्णन गरिएको छ । यसको तटीय इलाका तथा प्रसवण क्षेत्रमा रहेका विभिन्न तीर्थस्थल, ऋृषि महर्षिका आश्रमस्थल, धाम, घाट र मानवबस्तीका कारण यसको सभ्यता वैदिककालसँग जोडिएको कालीगण्डकी बचाउ अभियानका अभियानकर्मीले बताउँदै आएका छन् । कालीगण्डकीको पौराणिक महत्व र यहाँ पाइने शालग्रामबाट आकर्षित भई विभिन्न ऋृषिगणले यसको प्रसवण क्षेत्रमा आई योग, तपस्या र साधना गरेका दृष्टान्त भेटिन्छन् । कालीगण्डकीको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक तथा पर्यटकीय दृष्टिले पनि ठूलो महत्व छ । आश्विन शुक्ल पूर्णिमादेखि कात्तिक शुक्ल पूर्णिमासम्म कात्तिक स्नान गरी घरघरमा विशेषरूपमा गरिने तुलसी पूजाले मनोकामना पूरा हुने धार्मिक विश्वास छ । तुलसी पूजा सूर्योदयअघिनैगरिसक्नुपर्नेमान्यता छ । आश्विन शुक्ल पूर्णिमादेखि कात्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास रहेको पण्डित नीलकण्ठ आचार्यले बताउनुभयो । हिन्दूहरूको पवित्र तीर्थस्थल दामोदरकुण्ड क्षेत्र (तिब्बतको न्ह्युविन हिमालको ग्लेसियर)बाट उत्पत्ति भई मुस्ताङ प्रवेश गर्ने यो नदी नारायणीको एक प्रमुख शाखा नदी पनि हो । कालीगण्डकी उद्गम विन्दुबाट देवघाटसम्म करिब ६३०.४० किलोमिटरको लामो दूरी पार गर्दै नारायणीमा मिसिन पुग्छ । दामोदरकुण्डबाट आउने गण्डकी र मुक्तिनाथबाट उत्पत्ति भएको कागखोला कागबेनी भन्ने स्थानमा भेट भएपछि यसलाई कालीगण्डकी भनिन्छ ।

कालीगण्डकीलाई कृष्णगण्डकी पनि भन्ने गरिन्छ । कृष्णको अर्थ कालो भएको र कालीगण्डकीमा धेरैजसो समय कालो जल प्रवाहित हुने भएकाले यो नदीलाई कालीगण्डकी (कृष्णगण्डकी) भनिएको हो । स्कन्दपुराणमा 'शालग्राम समिपेतु क्रोशमात्रं समन्ततः । कीटोऽपि म्रियते याति वैकुण्ठभवनं ध्रुवम् ॥' अर्थात् जहाँ-जहाँ कालीगण्डकी बहेकी छन्, त्यसको एक-एक कोषसम्म मर्ने किटपताङ्गादिसमेत वैकुण्ठ जान्छन् भनेर वर्णन गरिएको छ । त्यस्तै प्रयाग, कुरुक्षेत्र तथा नैमिषरण्यमा सयौँपटक स्नान गरेर पाइने फल कालीगण्डकीमा एकैपटक स्नान गरेर प्राप्त हुन्छ भन्ने कुरा पनि स्कन्दपुराणमा बताइएको छ ।

# बेमौसमी वर्षा : जलवायु परिवर्तनको असर की भैपरी आउने घटना ?

**-नारायण ढुङ्गाना**
**काठमाडौं, ५ कार्तिक (रासस)**

गएको वैशाखमा गरिएको आँकलनअनुसार नेपालमा औषतभन्दा १५ प्रतिशत बढी वर्षा भएर यही अक्टोबर ११ मा आठ दिन ढिला गरी मनसुन बाहिरियो ।

नेपालीको महान् चाड दसैंको मुखमा मनसुन बाहिएिपछि नेपालीले धुमधामसँग चाड मनाए । दसैंमा अधिकांश ठाउँमा राम्रै घाम लाग्यो । मनसुन सकिएकाले अब भारी वर्षा हुन्छ भन्ने अनुमान थिएन । त्यसैले पनि कात्तिकमा महिना (बेमौसम) मा यति धेरै वर्षा हुने कुरा अनुमानभन्दा बाहिरको हो ।

यद्यपि जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मध्य दसैंमा असोज ३१ गतेको मिति तोकेर विभिन्न प्रणाली विकसित भएकाले भारी वर्षाको सम्भावना रहेको हुँदा सार्वधानीको चेतावनी दिएको थियो । असोज २८ मा पहिलो र असोज ३० गते दोस्रो विशेष बुलेटिन नै सार्वजनिक गरी सावधानीको अनुरोध गरिएको वरिष्ठ मौसमविद् वरुण पौडेल सुनाउनुहुन्छ ।

टन्टलापुर घाम लागिरहेका बेला उक्त चेतावनीलाई कतिपयले खासै वास्ता नगरेको पनि हुनसक्छ । विडम्बना असोजको अन्तिम दिनबाट मुलुकका विभिन्न जिल्लामा भारी वर्षा सुरु भयो । पूर्णिमासम्म दसैंको टीका लगाउने चलनअनुसार मानिस आफन्तकोमा टीका थाप्दै थिए भने घर गएका कार्य क्षेत्रमा फर्किनसमेत भ्याएका थिएनन् ।

लगातारको भारी वर्षा (मनसुनी वर्षाझैं) का कारण कात्तिकको पहिलो दिनबाट भने मानवीय र भौतिक क्षतिका घटना सार्वजनिक हुन थाल्यो । असोज १, २, ३ गतेको तीन दिनको अवधिमा १०१ जनाले बाढी, पहिरो र डुबानमा परेर ज्यान गुमाउन पुगे । अझै ४१ जना हराइरहेका छन् । सयौं परिवार विस्थापित भएका छन् भने झण्डै २० जिल्लामा भौतिक संरचना, सडक, पुल, विद्युत्, टेलिफोन सेवा नराम्ररी प्रभावित भएको छ । अझै क्षतिको यकिन विवरण भने आइसकेको छैन । कात्तिकमा यति ठूलो वर्षा भएर मुलुक नै प्रभावित हुने गरी ठूलो जनधनको क्षति गराउने कुरा अप्रत्यासित र अकल्पनीय नै हो । जलवायु परिवर्तनको असर हो की भैपरी आउने घटना यसमा आआफ्नै धारणा मानिसमा छ ।

जलवायु परिवर्तन विज्ञ तथा नेपाल पानी सदुपयोग फाउन्डेसनका अध्यक्ष डा डमिन्द्र दाहाल अक्टोबरको दोस्रो हप्तामा थोरै पानी पर्ने गरे पनि यती धेरै नपर्ने विगतको अनुभव सुनाउनुहुन्छ । "वर्षा सकिएपछि यसरी ठूलो पानी पर्नु जलवायु परिवर्तनको असर हो, परिवर्तन आयो भन्ने कुरा अहिलेको वर्षाबाट हामीले बुझ्नुपर्छ", दाहालले भन्नुभयो ।

उहाँका अनुसार कतिपय स्थानमा मनसुन भरी पर्ने पानीभन्दा धेरै यो तीन/तीन दिनमा परेको उहाँको भनाइ छ । यसले राम्रो सङ्केत गर्दैन, जलवायु परिवर्तन भनेको यही हो, कतिबेला के हुन्छ थाहा हुन्न, ३०/४० वर्षको तथ्याङ्क चाहिन्छ, भनिन्छ त्यो एक ठाउँमा होला तर अदलीबदली चाहिँ डरलाग्दो हिसाबले भइरहेको छ, यसलाई हामीले मनन गर्नुपर्छ", उहाँले थपनुभयो । सुदूरपश्चिममा केही ठाउँमा त मनसुन कै रेकर्ड तोडेको उहाँले बताउनुभयो । उहाँका अनुसार यस्ता घटना हरेक ५० देखि १०० वर्षमा एक पटक देखिने हो । डा दाहाल अब यस्ता घटना बाक्लिने दावी गर्नुहुन्छ । यसले अब तीन/चार महिना लामो खडेरी हुने सङ्केत दिएको पनि उहाँले जिकिर गर्नुभयो । "त्यसको सङ्केत प्रशान्त महासागरका गतिविधिले देखाइरहेको छ, लान्दिनाको प्रणाली अलि सक्रिय देखिएको छ, त्यसले खडेर निम्त्याउने उहाँको विष्लेषण छ । उहाँले यही प्रकृतिको घटना नदोहोरिए पनि अर्को नयाँ स्वरुपका घटना देखिन सक्ने चेतावनी दिनुभएको छ । एकै चोटी पानी खनिनु पनि जलवायु परिवर्तनको सङ्केत भएको अध्यक्ष डा दाहालको जिकिर छ ।

गत वर्ष पर्वतमा होस् या सिन्धुपाल्चोकको जुगलमा एकै ठाउँमा धेरै वर्षा हुँदा भेल पहिरो गएर ठुलो जनधनको क्षति भएको थियो । यही साल मनसुनका बेला (असार १ र १६ गतेको वर्षा) मा सिन्धुपाल्चोकको हेलम्बुमा मेलम्ची खोलाको शिरदेखि अकल्पनीय बाढी पहिरो जाँदा हेलम्बु र मेलम्चीमा घरका चार तला माथिसम्म बाढी पुगेको थियो । सयौं घरको निशाना फेला पार्न सकिने अवस्थाको छैन । औषतभन्दा बढी वर्षा भएर यही अक्टोबर ११ बाट मनसुन बाहिरिएको एक हप्तामै झण्डै/झण्डै मनसुन अवधि कै क्षतिको अङ्क पछ्याउँदै बाढी, पहिरो र डुबानले वितण्डा मञ्चायो । प्राप्त विवरणअनुसार मनसुन अवधिमा १३६ जनाको मृत्यु भएको थियो भने ४५ जना मानिस हराइरहेका छन् । अहिलेको (असोज ३१ देखि कात्तिक ३) को अवधिमा भारी वर्षापछिको बाढी पहिरो र डुबानमा परेर १०१ को मृत्यु भएको छ भने ४१ जना हराइरहेका छन् । खेतबाट भित्र्याउन ठिक्क पारिएको अर्बौंको धान नष्ट भएको छ । वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार यसपटक मनसुन सकेलगत्तै पश्चिमबाट आउने प्रणाली र बङ्गालको खाडीबाट आएको न्युन चापीय प्रणाली मिसिएर भारी वर्षा भएको हो । मौसमविद् पौडेलले भन्नुभयो, "कहिलेकाहीँ यस्ता घटना हुन्छ, यो दुर्लभ घटना हो, विगतमा पनि अक्टोबर महिनामा यस्ता घटना भएको पाइन्छ, भारतको केदारनाथमा पनि मनसुनसँगै यसैगरी दुई प्रणाली मिसिएको थियो ।" मनसुन बाहिरिँदै गर्दा बङ्गालको खाडीमा एक खालको न्यून चापीय प्रणाली विकसित भएको र त्यसमा अर्को पश्चिमी वायु पनि सक्रिय भई दुवै प्रणालीको प्रभावले भारी वर्षा हुन पुगेको मौसमविद्को भनाइ छ तर त्यो जलवायु परिवर्तनसँग जोडिने विज्ञहरू बताउँछन् ।

मौसम विज्ञान विभागको जलवायु विष्लेषण शाखा प्रमुख, वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेल यसपालि मनसुन अवधिभर भइराख्ने भन्दा १५ प्रतिशत बढी वर्षा भएको थियो । पोष्ट-मनसुनमा पनि यसपाली निक्कै धेरै वर्षा भएको उहाँ बताउनुहुन्छ । मनसुन सकिएपछिको यो वर्षा तीस वर्षको औषत वर्षाभन्दा बढी भएको उहाँको भनाइ छ । यस वर्षको मनसुन जुन ११ मा सुरु भएर अक्टोबर ११ मा बाहिरिएको थियो । मौसमविद् डा कँडेल अक्टोबर १ देखि २१ (बिहीबार)सम्म मुलुकका २० वर्षा मापन केन्द्रमा २५३ मिलिमिटर औषत पानी पर्ने बताउनुहुन्छ तर त्यहाँ सरदरमा ३४२ प्रतिशत पानी परेको छ । जुन उक्त अवधिमा पर्ने पानीभन्दा १८७ मिलिलिमटर बढी हो । त्यसलाई विष्लेषण गर्दा उक्त अवधिमा २४२ प्रतिशत बढी पानी परेको डा कँडेलले बताउनुभयो ।

गएको सेप्टेम्बरमा दक्षिण एसियाली जलवायु आँकलन मञ्चको बैठकले प्रदेशको १ को दक्षिणी भाग, प्रदेश २, बागमती, लुम्बिनीको दक्षिणी भेगमा अक्टोबरमा बढी वर्षा हुने आँकलन गरेको थियो तर उक्त मोडलले सुदूरपश्चिम र कर्णालीमा कति पानी पर्छ भनेर यकिन गर्न सकेको थिएन । "उक्त मोडलले देखाएअनुसार नेपालको पूर्वमा मिल्न आयो सुदूरपश्चिममा भने त्यो सिग्नल देखाएन, बढी पर्न पनि सक्छ नपर्न पनि सक्छ भन्ने थियो, तर त्यस क्षेत्रमा पनि पानी ठुलो पर्‍यो", डा कँडेलले राससससँग भन्नुभयो । गत वर्ष नेपालमा एकदम बढी सुक्खा थियो, त्यसले विभिन्न क्षेत्रमा डडेढोको सामना गर्नुपर्‍यो । आगो निभाउन हेलिकोप्टर नै प्रयोग गर्नुपरेको थियो । उक्त मञ्चले अक्टोबर, नोभेम्बर, डिसेम्बरमा केही बढी पानी पर्छ भन्ने सङ्केत दिए पनि नेपालमा पूर्वानुमान गर्ने प्रविधि राम्रो छैन । कँडेलका अनुसार यस्ता घटना कुनै पनि बेला हुनसक्छ भन्ने नै हो । सामान्यतया विगतमा १० वर्षयता जुन १० मा मनसुन भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिन्थ्यो । यस वर्षदेखि मनसुन भित्रिने दिन जुन १३ थियो । त्यसको दुई दिनअघि नै मनसुन भित्रिएको थियो भने आठ दिनपछि बहिर्गमन भएको थियो । नेपालमा सरदर वर्षाको आँकडा विष्लेषण गरेर मनसुनको मिति तय गरिनेछ । कहिलेकाहीँ केही दिन ढिला र केही दिन चाँडो पनि मनसुन भित्रिने र बाहिरिने हुन्छ । यसपालि पनि त्यही भएको मौसमविद्को भनाइ छ ।

# लयमा फर्किँदै बागलुङका पर्यटन व्यवसाय

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ कार्तिक**

हिउँदको आभास हुन थालेसँगै बागलुङ्का पर्यटकीय क्षेत्र भरिन थालेका छन् । दुई वर्षयता कोरोना महामारीका कारण पर्यटन याममा समेत सुनसान जस्तै रहेका यहाँका धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्र भरिभराउ हुँदा सरोकारवाला उत्साहित छन् ।

जिल्लाका जैमिनी नगरपालिका-१ का प्रकाश शर्माले हाँडिकोट टापु पुग्ने योजना बनाएको चार वर्ष भयो । काठमाडौँमा पढाइ र रोजगारीका लागि बस्ने उहाँले दसैँमा मात्रै लामो बिदा पाउनुहुन्छ । कहिले दसैँ बिदामा वर्षा नसकिने त कहिले कोरोना त्रासका कारण चार वर्ष पहिलेको योजना उहाँले अहिले पूरा गर्नुभयो । समुद्री सतहदेखि दुई हजार १९५ मिटर उचाइमा रहेको हाँडीकोट पुग्दा उहाँ दङ्ग हुनुहुन्थ्यो । जैमिनी-१० मा पर्ने हाँडिकोट जिल्लाको प्रसिद्ध पर्यटकीयस्थल हो । यहाँबाट दर्जनौं हिमशृङ्खला देख्न सकिन्छ । मुटु छुने चिसो ! लुगलुग कमाउने सिरेटो हाँडीकोटमा चलिरहन्छ ।

वर्षाका समयमा जुकाको समस्या, हुस्सु र कुहिराले ढाकिने भए पनि हिउँदमा हिउँले घुम्टो नहालुञ्जेल हाँडीकोट पर्यटक पर्खिरहेको हुन्छ । असोज, कात्तिक र मङ्सिरको दोस्रो साता हाँडीकोट घुम्नका लागि योग्य समय हो । चैत वैशाख र जेठमा पनि यहाँ धेरै आन्तरिक पर्यटक पुग्ने गरेका छन् ।

जैमिनीको राङ्खानी, वडा नं ७ जैदी र वडा नं ८ छिस्तीको सङ्गमस्थल हाँडीकोट टापु साँच्चिकै सुन्दर छ । त्यहाँ पुगेर 'आहा ! हाँडीकोट टापु' नभनी सुखै छैन । बितेका वर्षमा भन्दा यो वर्ष हाँडीकोट धेरै आन्तरिक पर्यटक पुगेका छन् । नेपालको एकमात्रै शिकार आरक्ष, ढोरपाटन शिकार आरक्ष पुग्ने पर्यटकको सङ्ख्या पनि बितेका दुई वर्षमाभन्दा यो वर्षको दसैँ बिदाका समयमा धेरै भयो । त्यहाँ पुग्ने पर्यटकको तथ्याङ्क त कसैले राख्ने गरेको छैन् तर आरक्ष क्षेत्रका व्यवसायीका अनुसार यो वर्ष ढोरपाटन पुग्नेमा उत्साहित छन् । तीन जिल्ला बागलुङ, म्याग्दी र रुकुममा फैलिएको शिकार आरक्षमा सिकारका याममा विदेशी पर्यटक हेलिको सहायताले पुग्छन् भने पैदल र सवारीको सहायतामा शिकार आरक्ष घुम्न जाने पर्यटकका लागि बागलुङ हुँदै पुग्ने बाटो सहज छ ।

धेरै समयपछि घुम्दै ढोरपाटन आएँ' पोखराका साइकल यात्री दिवस गुरुङले भन्नुभयो, "ढोरपाटनको योजना बनाएर आउँदा बीचमा बागलुङ घुम्ने ठाउँ धेरै रहेछन् ।" सदरमुकाम आसपासमा रहेका पर्यटकीय क्षेत्रमा त दसैँअघिदेखि नै पर्यटकको चहलपहल सुरु भएको थियो । 'बागलुङ कालिका खुला भएदेखि देशभरबाट पर्यटक बागलुङ भित्रिन सुरु गरेका हुन्' जिल्ला पर्यटन समितिका अध्यक्ष राजु खड्काले भन्नुभयो, "हाम्रा लागि यो वर्षको घुम्ने सिजन शुभ रहने सङ्केत मिलेको छ ।"

पञ्चकोट, बागलुङ कालिका, बलेवा कालभैरव, भूमिगत शालग्राम सङ्ग्रहालयलगायत धार्मिक पर्यटकीय क्षेत्र खचाखच छन् । गलकोटको टेउवामा रहेको मूर्ति कार्यशाला, जैमिनीको हाँडीकोट र गाजाको दह, भकुण्डे भ्यूटावर, बागलुङ र पर्वत जोड्ने सिङ्गल स्पान प्रविधिको संसारकै लामो पुल 'गण्डकी गोल्डेन ब्रिज' गलकोट दरबार, गाईघाट झरनालगायत क्षेत्रमा असोज दोस्रो साता यता आन्तरिक पर्यटकको घुइँचो छ । "व्यवसायीले पाएको कोरोना खोप र महामारीको दोस्रो लहर केही कम भएपछि पर्यटनमा आशा पलाएको छ", उहाँले भन्नुभयो, "सुधारिएको अवस्था हो, सन्तुष्ट भइहाल्ने बेला आएको छैन, सजगता अपनाउँदै अझै मेहनत गर्नुपर्नेछ ।" दसैँको मौकामा घुम्न आउने आन्तरिक पर्यटकका कारण यहाँका होटल र रेष्टुरेन्ट व्यवसायी उत्साही बनेका छन् ।